# कनकाईनगरपालिका
# नगरकार्यपालिकाकोकार्यालय

जमुनबारीमझापा, कोशीप्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र फाराम

**कनकाई नगरपालिका अन्तर्गत आ.व. २०८१/८२ कोआन्तरिक आय**

**दुर्गापुर बजार सम्पूर्ण क्षेत्र, क.न.पा, वडा नं. ७ ठेक्का**

सम्झौता संकेत नं.: KANAKAI/IR/2081/82-04

**जारी मिति: २०८१/०३/०४**

# बिषय-सूची(Table of Contents)

आन्तरिक आयको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना .............................. 3

सम्झौताका शर्तहरु .............................................................................................. 6

मूल्य सूची तालिका ..............................................................................................7

CamScanner

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जमुनबारी झापा, कोशी प्रदेश, नेपाल

फोन: ०२३-४०११५५, इमेल: kanakai.mun@gmail.com

## आन्तरिक आयको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सुचना प्रकाशित मितिः २०८१/०३/०४

१. कनकाई नगरपालिका वडा नं. ७ मा रहेको दुर्गापुर बजार सम्पूर्ण क्षेत्रको आ.व.२०८१/८२ को आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ तथा नगर कार्यपालिकाको निर्णयानुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले उक्त कार्यको लागि इच्छुक कम्पनी/फर्मको जानकारीको लागि शिलवन्दी दरभाउपत्र आह्वानको सूचना प्रकशित गरिएकोछ। शिलबन्दी दरभाउपत्र सम्बन्धी मूख्य विवरण तपशिल बमोजिम रहेको छः

तपशिलः

| क.स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०८१/८२ को लागि न्यूनतम रकम मू.अ.क सहित (रु.) | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति तथा समय | दरभाउपत्र फाराम शुल्क | दरभाउपत्र को मान्यहुने अवधी | दरभाउपत्र जमानत रकम (बैंक जमानत वा धरौटी खातामा नगद जम्मा) | दरभाउपत्र जमानतको मान्य हुने न्यूनतम अवधी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/ 2081/82-04 | दुर्गापुर बजार सम्पूर्ण क्षेत्र, क.न.पा. वडा नं. ७ | रु.१५०,०००।- | २०८१ असार १० गते कार्यालय समय भित्र | २०८१ असार ११ गते मध्यान्ह १२;०० बजे सम्म | रु.१००० | ४५ दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | ७५दिन |

२. दरभाउ-पत्र पेश गर्न इच्छुक दरभाउ पत्रदाताले थप जानकारी लिन यस कार्यालयको वेवसाइट www.kankaimun.gov.npमा हेर्न वा यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

३. इच्छुक दरभाउपत्र दाताले दरभाउपत्र फाराम शुल्क (दरभाउपत्र दस्तुर) रु.१०००।- यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गा मा रहेको आन्तरिक राजस्व खाता नम्बर १४७०३०००००१००१००००००१ मा जम्मा गरेको भौचर वा नगरपालिकाको राजश्व शाखामा दस्तुर तिरेको सक्कलै भौचर सहित फर्म/कम्पनी दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपि, स्थायी लेखा नम्बर वा मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि, आ.व. २०७९।८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि साथ निवेदन संलग्न गरी मिति २०८१।०३।१० गते साँझ ५:०० बजे भित्र कनकाई नगरपालिकाको कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

४. तोकिएको मिति र समय भित्र खरिद भएका दरभाउ-पत्र सूचना प्रकाशन भएको ८ औं दिन मिति २०८१।०३।११ गते मध्यान्न १२:०० बजे सम्म दाखिला गरिसक्नु पर्नेछ।

५. दरभाउ-पत्र फाराम जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र शिलबन्दि दरभाउ-पत्र दाखिला गर्नुपर्नेछ ।

६. दरभाउपत्रदाताले फारममा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि सूरुङ्गा स्थित धरौटी हि.नं. १४७०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ। धरौटी जम्मा गरेको भौचरमा धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

७. दरभाउपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

Jamuna

जमुना कटुवाल
अधिकृत स्तर सातौं

CamScanner

८. दरभाउपत्रदाताले पेश गर्ने शिलबन्दी दरभाउ पत्रमा निम्न कागजातहरु संलग्न गरी पेश गर्नु पर्नेछः

क. कानूनी ग्राह्यता सम्बन्धी कागजातहरुः

- सम्बन्धित क्षेत्रमा कार्य गर्ने गरी स्थापना भएको संस्था (फर्म/कम्पनी) दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नुपर्ने, उद्देश्य खुल्ने कागजातको प्रतिलिपि समेत)
- उल्लेखित कार्य गर्न सम्बन्धित निकाय बाट जारी इजाजतपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)
- स्थायी लेखा (PAN) तथा मू.अ. कर (VAT)दर्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)
- आ.व. २०७९/८० को करचुक्ता प्रमाणपत्र (प्रतिलिपि पेश गर्नु पर्ने)

ख. दरभाउपत्र जमानत (नगद जम्मा वा बैंक जमानत)

ग. अख्तियारी पत्र (दरभाउपत्र मा संचालक बाहेको हस्ताक्षर भएमा)

९. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

१०.प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु दाखिला गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउ-पत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

११.पेश भएका शिलबन्दी दरभाउपत्रको पूर्णता ग्राह्यता तथा कबोल रकमको मूल्यांकन गरि सबै भन्दा बढी रकम कबोल गर्ने सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र छनौट गरिनेछ।

१२.नगरपालिकाले दरभाउपत्र स्वीकृतिको जानकारी "स्वीकृतिपत्र" मार्फत छनौट भएको दरभाउपत्रदातालाई र अन्य सबै सहभागी दरभाउपत्रदाताहरुलाई पत्र वा इमेल वा सार्वजनिक सूचना मार्फत गराउनेछ । उक्त सूचना जारी भएको मितिले ७ (सात) दिन भित्र कबोल रकमको कम्तिमा १० प्रतिशत रकम (बैंक जमानत वा नगरपालिकाको धरौटी खातामा नगद जम्मा) पेश गरी सम्झौता गर्नुपर्नेछ । उक्त जमानतको मान्य हुने अवधि सम्झौता अवधि भन्दा कम्तिमा ३० दिन बढी सम्मको हुनुपर्नेछ। नगद जम्मा भएको जमानत रकम अन्तिम किस्ता रकममा मिलन गरिनेछ।

१३.सम्झौता पूर्व कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाएमा कबोल रकमको १० प्रतिशत छुट दिइनेछ र यस्तो अवस्थामा कार्यसम्पादन जमानत आवश्यक पर्नेछैन। सम्झौता भए पश्चात कार्यादेश वा चलानपूर्जि जारी भए पश्चात सम्झौता प्रारम्भ भएको मानिनेछ ।

१४.प्रस्तावित कार्यको निमित्त छनौट भएको दरभाउपत्रदाता दरभाउपत्र प्रक्रियाको प्रतिस्पर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टाचार वा जालसाजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा नगरपालिकाले त्यस्तो दरभाउपत्रदातासँग खरिद सम्झौता गर्न अस्विकार गर्नेछ।

१५.दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र खोलिएको दिन देखि गणना हुनेछ।

१६.दरभाउपत्र साथ माथिको तालिकामा उल्लेख भए बमोजिम दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ र उक्त दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य हुने अवधी भन्दा कम्तिमा ३० दिन बढी अवधी सम्मको हुनु पर्नेछ।

१७.एक दरभाउपत्र दाताले एक्लै वा संयुक्त उपक्रमको रुपमा एउटा मात्र शिलबन्दी दरभाउपत्र पेश गर्न पाउने छ। कुनै दरभाउपत्रदाता ले एक भन्दा बढी शिलबन्दी दरभाउपत्र पेश गरेको अवस्थामा त्यस्तो दरभाउपत्रहरु मान्य हुने छैन ।

१८.नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाको सहयोगमा संचालित आयोजनाको हकमा त्यस्तो दातृ संस्थाबाट कुनै दरभाउपत्रदातालाई कालो सूचीमा राखी बोलपत्र पेश गर्न अयोग्य ठहर भएको भए त्यस्ता दरभाउपत्र दातालाई नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालय वा अन्य कुनै दातृ संस्थाबाट कालो सूचीमा राख्न घोषित अवधी सम्म दरभाउपत्र पेश गर्न ग्राह्य हुने छैन।

जमुना कटुवाल
अधिकृत स्तर सातौं

CamScanner

१९. दरभाउपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनु पूर्व कार्यस्थलको सम्पूर्ण जानकारी प्राप्त गर्न दरभाउपत्रदाताले आफ्नै खर्च, जिम्मेवारी र जोखिममा स्थलगत निरीक्षण गर्न सक्नेछ।

२०. सम्झौता गर्नु अघि कुनै पनि समयमा कारण खुलाई वा नखुलाई कुनै पनि दरभाउपत्र स्वीकार वा अस्वीकार गर्ने वा दरभाउपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण दरभाउपत्र अस्वीकार गर्ने अधिकार नगरपालिका निहित रहनेछ। यसरी रद्ध वा अस्वीकार गर्दा दरभाउपत्रदाता प्रति नगरपालिकाको कुनै दायित्वर हुने छैन।

२१. यस संग सम्बन्धित अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

Jamuna
जमुना कटुवाल
अधिकृत स्तर सातौं

जमुना कट्टुवाल
अधिकृत स्तर सातौं

## सम्झौताका शर्तहरु

१. छनौट भएको व्यावसायीले नगरपालिकाले तोकेको दरमा कर/ शुल्क संकलन गर्नु पर्नेछ।
२. सम्झौता कार्यान्वयन लागि आवश्यक पर्ने सबै प्रकारका जनशक्ति तथा श्रोत साधनको व्यावस्था छनौट भएको व्यावसायीले गर्नु पर्नेछ।
३. कबोल गरी कायम हुने रकम किस्तामा रकम बुझाउ नचाहने दरभाउपत्रदाताले समान मासिक वा त्रैमासिक किस्तामा नगरपालिकाले उपलब्ध गराएको बैंक खातामा जम्मा गरि भुक्तानी गर्नु पर्नेछ।
४. सम्झौता बमोजिमको रकम बुझाउन/ भुक्तानी गर्न ढिलाई गरेमा क बर्गको बाणिज्य बैंकको मुद्दती निक्षेपको ब्याजदर अनुसार थप शुल्क भुक्तानी गर्नु पर्नेछ। यस्तो ढिलाई ६० दिनभन्दा बढी भएमा सम्झौता अन्त्य गरी जमानत रकम कट्टा गरी असुलउपर गरिनेछ।
५. दरभाउपत्रदाताले प्रचालित कानून बमोजिमको आचरण पालना गर्नु पर्नेछ।
६. उल्लेखित कार्यको लागि हुने सम्झौताको अवधि एक बर्षको हुनेछ।
७. सम्झौताका शर्तहरु सम्झौताका कुनै पक्षले पालना नगरेमा कम्तिमा ३५ दिनको अग्रिम जानकारी दिएर अर्को पक्षले सम्झाता अन्त्य गर्न सक्नेछ।
८. सम्झौताका अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ।

CamScanner

Jamuna
जमुना कटुवाल
अधिकृत स्तर सातौं

मूल्यसूचीतालिका

| क्र.सं. | विवरण | कबोल रकम (वार्षिक नेपाली रुपैयाँ) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| १ | दुर्गापुर बजार सम्पूर्ण क्षेत्र, क.न.पा. वडा नं. ७ | वार्षिक रु. | वार्षिक रु. |

दरभाउपत्रदाता (संस्था) को नाम:

ठेगाना:

अख्तियारी प्राप्त व्यक्तिको नाम:

अख्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर:

सम्पर्क नं.:

इमेल ठेगाना:

संस्थाको छाप

CamScanner